# भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## विशेष अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : खास किसिमका मुद्दाहरुको कारवाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउन विशेष अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विशेष अदालत ऐन, २०५९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "विशेष अदालत" भन्नाले दफा ३ बमोजिम गठन भएको विशेष अदालत सम्झनु पर्छ।

(ख) "खास किसिमका मुद्दा" भन्नाले दफा ३ को उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका खास किसिमका मुद्दा सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले विशेष अदालतको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले विशेष अदालतको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउनेछ।

## परिच्छेद-२
## विशेष अदालतको गठन

३. विशेष अदालतको गठन : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमका मुद्दाको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउन न्याय परिषद्को परामर्शमा आवश्यक संख्यामा तीन सदस्य भएको विशेष अदालतको गठन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा श्री ५ को सरकारले न्याय परिषद्को परामर्शमा पुनरावेदन अदालतका न्यायाधीशहरु मध्येबाट तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम विशेष अदालतको गठन गर्दा श्री ५ को सरकारले त्यस्तो विशेष अदालतको प्रादेशिक क्षेत्राधिकार र मुकाम समेत तोक्नु पर्नेछ ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतको मुकाम रहेको ठाउँ बाहेक अन्य ठाउँमा पनि सोही सूचनामा तोकिएको अवधिको लागि इजलाश कायम गर्ने गरी मुकाम तोक्न सक्नेछ ।

४. मुद्दा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम गठित विशेष अदालतलाई सुम्पिएका मुद्दाहरुमा थपघट गर्न सक्नेछ ।

५. सदस्यको सुविधा : विशेष अदालतको अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा निजले खाइपाइ आएको अतिरिक्त श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## विशेष अदालतको अधिकारक्षेत्र र त्यसको प्रयोग

६. विशेष अदालतको अधिकारक्षेत्र र प्रयोग : (१) खास किसिमका मुद्दाको शुरु कारबाही र किनारा विशेष अदालतबाट गरिनेछ ।

(२) विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तीनजना सदस्य उपस्थित भएको इजलाशमा तीनैजना सदस्यको एकमत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ।

(४) दुईजना सदस्य उपस्थित भएको इजलाशमा एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलाश भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलाश भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ। मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ।

(५) उपदफा (४) बमोजिम पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश गरेको मुद्दालाई सर्वोच्च अदालतले अग्राधिकार प्रदान गरी सुनुवाइ गर्नेछ।

(७) उपदफा (५) बमोजिम पेश हुन आएको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको एक न्यायाधीशको इजलाशबाट गरिनेछ र सो इजलाशबाट भएको निर्णय नै विशेष अदालतको निर्णय मानिनेछ।

## परिच्छेद-४
## विशेष अदालतको अधिकार र कार्यविधि

७. विशेष अदालतको अधिकार : विशेष अदालतको अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासंग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,

(ख) म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई वारेण्ट जारी गरी पक्री बयान वा वकपत्र गराउने,

(ग) मुद्दाको कुनै पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका बखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने,

(घ) तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने नदेखिएमा निजसंग निजले हानि नोक्सानी गरेको बिगो वा गैरकानूनी रुपमा लिएको रकम र निजलाई हुन सक्ने कैद वा जरिबाना समेतलाई दृष्टिगत गरी धरौटी वा जमानत माग्ने,

(ङ) तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिब कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने,

(च) विशेष अदालतले अनुसन्धान गर्ने निकायबाट अनुसन्धानको सिलसिलामा लिएको धरौटी वा जमानतलाई खामेको हदसम्म कायम गर्न सक्ने ।

८. सम्पत्ति र राहदानी रोक्का राख्न सकिने : कुनै अभियुक्त उपर लागेको अभियोगको गाम्भीर्यता, अभियुक्तको स्थिति, कसूरको मात्रा तथा प्रकृतिका आधारमा त्यस्तो अभियुक्तको कुनै सम्पत्ति रोक्का राख्न, त्यस्तो अभियुक्तलाई राहदानी जारी नगर्न वा जारी भैसकेको भए सो राहदानी रोक्का राख्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. थप अभियोगपत्र दायर गर्न सकिने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अदालतमा कुनै अभियुक्त उपर अभियोगपत्र दायर भैसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरु फेला परेमा मुद्दा दायर भैसकेका अभियुक्तको हकमा साबिकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको माग दाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्न पर्ने भएमा थप माग दाबी लिन सोको कारण खोली सरकारी वकीलले अनुमतिको लागि विशेष अदालतमा निवेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सोको कारण मनासिब भएमा विशेष अदालतले आवश्यकता अनुसार अनुमति दिन आदेश गर्न सक्नेछ र त्यस्तो आदेश भएमा पहिले मुद्दा दायर भएका अभियुक्त उपर थप सजाय माग दाबी गर्न वा थप अभियुक्त उपर थप अभियोगपत्र दायर गर्न सकिनेछ ।

१०. म्याद तामेल सम्बन्धी कार्यविधि: (१) विशेष अदालतमा दायर रहेको मुद्दामा प्रतिवादीका नाममा म्याद पठाउँदा बाटोको म्याद बाहेक विदेशमा रहेको भए तीस दिनसम्मको र नेपाल अधिराज्यभित्र रहेको भए पन्ध्र दिनसम्मको अवधि तोकी समाव्हान जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विदेशमा रहेको प्रतिवादीको नाममा समाव्हान तामेल गर्नु पर्दा त्यस्तो प्रतिवादीको नेपाल अधिराज्यमा कुनै किसिमको कार्यालय वा प्रतिनिधि भए त्यस्तो कार्यालय वा प्रतिनिधिको नाममा समाव्हान तामेल गरिनेछ र यसरी तामेल भएको समाव्हान रीतपूर्वक तामेल भएको मानिनेछ ।



260
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालय वा प्रतिनिधि नभएमा त्यस्तो प्रतिवादीले कारोबार गर्ने मुख्य स्थान वा निजले स्थायी बसोबास गर्ने ठेगाना वा कारोबार गर्दाको बखत पत्राचारको लागि निजले दिएको कुनै ठेगाना रहेछ भने त्यस्तो ठेगानामा टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुनसक्ने दूरसंचारका अन्य कुनै माध्यम मार्फत वा रजिष्ट्री गरी हुलाक मार्फत समाव्हान तामेल गरिनेछ र त्यसरी तामेल भएको समाव्हान रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा रहे बसेको प्रतिवादीको नाममा समाव्हान तामेल गर्ने सम्बन्धमा नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सम्झौतामा छुट्टै व्यवस्था गरिएको रहेछ भने सोही बमोजिम समाव्हान तामेल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) विशेष अदालतले आफू समक्ष परेको मुद्दामा साक्षीका नाममा म्याद पठाउंदा बाटाको म्याद बाहेक सात दिनसम्मको म्याद तोकी समाव्हान जारी गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम जारी भएको म्याद विशेष अदालतका कर्मचारीद्वारा वा जिल्ला अदालत वा नजिकको अरु कुनै सरकारी कार्यालय मार्फत तामेल गराउन सकिनेछ । विशेष अदालतबाट जारी भई आएको म्याद प्राथमिकताका साथ तामेल गराउनु सम्बन्धित जिल्ला अदालतको श्रेस्तेदार वा त्यस्तो कार्यालयको प्रमुखको कर्तव्य हुनेछ ।

(७) विशेष अदालतबाट जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक दुई दिनभित्र म्याद तामेल गरिसक्नु पर्नेछ र कुनै मनासिब कारण नभई म्याद तामेल गर्न ढिलो गरेको देखिएमा निजलाई विशेष अदालतले पाँच शय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) विशेष अदालतबाट आफ्नो नाममा म्याद जारी भएको थाहा पाई कसैले विशेष अदालत वा म्याद तामेल गर्न पठाइएको अदालत वा कार्यालयमा आफ्नो नाममा जारी भएको म्याद बुझ्न पाउँ भनी निवेदन दिएमा त्यस्तो म्याद निजलाई तामेल गर्न सकिनेछ। त्यसरी निवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन।

(९) यस दफा बमोजिमको कार्यविधि अवलम्बन गरी कुनै व्यक्तिको नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको कुराको प्रतिवेदन पर्न आएमा विशेष अदालतमा मुद्दा दायर भएको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई उपस्थित हुन राष्ट्रिय स्तरको समाचारपत्रमा (विदेशीको हकमा अंग्रेजी दैनिकमा) कम्तीमा दुईपटक सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो व्यक्तिलाई रीतपूर्वक म्याद तामेल भएको मानिनेछ।

(१०) यस दफामा लेखिएदेखि बाहेक म्याद तामेली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

११. म्याद तारेख थाम्ने व्यवस्था : विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो ब्यहोरा मनासिब ठहरिएमा एकपटक बढीमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ।

१२. अन्य अधिकार र कार्यविधि : मुद्दाको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्नेछ।



262

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-५
## विविध

१३. शपथ ग्रहण : अध्यक्ष र सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि सर्वोच्च अदालतका प्रधान न्यायाधीश समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१४. अवहेलना : विशेष अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहऱ्याएमा पाँच हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

तर विशेष अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा विशेष अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा विशेष अदालतले तोकेको शर्तमा छ महिनासम्म मुलतबी राखी सो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

१५. विशेष अदालतले मागेको मिसिल वा मुद्दा सम्बन्धी लिखत वा जवाफ पठाउनु पर्ने : विशेष अदालतले मुद्दामा प्रमाणको निमित्त आवश्यक कुनै मिसिल, लिखत वा अन्य कुनै कुरा पेश गर्न वा पठाउन कुनै कार्यालयलाई आदेश दिएमा वा कुनै कुराको स्पष्टीकरण वा जवाफ मागेमा सो कार्यालयले मनासिब समयभित्र सो आदेशको पालन गर्नु पर्नेछ । कुनै कार्यालयले त्यस्तो आदेशको पालन नगरेकोले मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा प्रतिकूल असर परेमा विशेष अदालतले सम्बन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकैपिच्छे पाँच शय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।



263
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी जरिबानाको आदेश भएपछि सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीले अदालतको आदेश पालन गर्न नसकेको कारण उल्लेख गरी सो जरिवाना हुन नपर्ने भनी निवेदन दिएमा र कारण सन्तोषजनक देखिएमा विशेष अदालतले त्यस्तो जरिबानाको आदेश रद्द गर्न सक्नेछ ।

१६. मुद्दाको किनारा गर्नु पर्ने अवधि : (१) विशेष अदालतले मुद्दा दायर भएको मितिले सामान्यतया छ महिनाभित्र मुद्दाको किनारा गर्नु पर्नेछ ।

(२) विशेष अदालतको निर्णय उपर परेको पुनरावेदनमा सर्वोच्च अदालतले सामान्यतया मुद्दाको प्राथमिकतासाथ मिसिल प्राप्त भएको मितिले तीन महिनाभित्र किनारा गर्नु पर्नेछ ।

१७. पुनरावेदन : विशेष अदालतको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश भएको मितिले पैंतीस दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१८. फैसला कार्यान्वयन गर्ने : विशेष अदालतले गरेको फैसला वा अन्तिम आदेश सो अदालतले कुनै निकायले कार्यान्वयन गर्ने भनी फैसला वा अन्तिम आदेशमा लेखिदिएकोमा सोही निकायले र त्यसरी नलेखिएकोमा सम्बन्धित जिल्ला अदालतले कार्यान्वयन गर्नेछ ।

१९. संसदमा टेबुल गर्नु पर्ने : श्री ५ को सरकारले यस ऐन अन्तर्गत प्रकाशन गरेको सूचना संसदको दुबै सदनमा टेबुल गर्नु पर्नेछ ।

२०. विशेष अदालतको विघटन : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतलाई विघटन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम विशेष अदालत विघटन भएमा विघटन हुँदाका बखत विशेष अदालतमा दायर भै किनारा हुन बाँकी रहेका मुद्दा वा उजुरी सम्बन्धित प्रादेशिक क्षेत्राधिकार भएको पुनरावेदन अदालतमा सर्नेछन् ।

२१. कर्मचारीको व्यवस्था : (१) विशेष अदालतलाई आवश्यक पर्ने कर्मचारी श्री ५ को सरकारले उपलब्ध गराउनेछ ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले विशेष अदालतको विभागीय प्रमुख वा प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

२२. श्री ५ को सरकारसंग सम्पर्क : विशेष अदालतले श्री ५ को सरकारसंग सम्पर्क गर्दा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

२३. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२४. खारेजी र बचाउ : (१) विशेष अदालत ऐन, २०३१ खारेज गरिएको छ ।

(२) विशेष अदालत ऐन, २०३१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

२५. मुद्दा सर्ने : यस ऐन बमोजिम विशेष अदालत गठन हुँदाका बखत विशेष अदालत ऐन, २०३१ बमोजिम गठित विशेष अदालतमा दायर रहेका मुद्दाहरु यस ऐन बमोजिमको विशेष अदालतमा सर्नेछन् ।

२६. रुपान्तर : प्रचलित कानूनमा प्रयोग भएका "विशेष अदालत ऐन, २०३१" भन्ने शब्दहरुको सट्टा "विशेष अदालत ऐन, २०५९" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(दफा १३ संग सम्बन्धित)

शपथ

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ विवेकपूर्वक गर्नेछु र आफ्नो कर्तव्यपालनको सिलसिलामा आफूलाई ज्ञान हुन आएको कुनै कुरा प्रचलित कानूनको पालन गर्दा बाहेक अरु कुनै पनि अवस्थामा कसैलाई कुनै माध्यमबाट पनि आफू पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन भनी म .................... ईश्वरलाई साक्षी राखी /सत्य निष्ठापूर्वक शपथ लिन्छु।

मिति :-                                                        हस्ताक्षर

लालमोहर सदर मितिः २०५९।३।५।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

2696
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको विशेष अदालतको अध्यक्ष र सदस्यमा श्री ५ को सरकारले न्याय परिषद्को परामर्शमा पुनरावेदन अदालतका न्यायाधीशहरु मध्येबाट तोक्नेछ ।

(३) उपदफा (१) बमोजिम विशेष अदालतको गठन गर्दा श्री ५ को सरकारले त्यस्तो विशेष अदालतको प्रादेशिक क्षेत्राधिकार र मुकाम समेत तोक्नु पर्नेछ ।

(४) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष अदालतको मुकाम रहेको ठाउँ बाहेक अन्य ठाउँमा पनि सोही सूचनामा तोकिएको अवधिको लागि इजलाश कायम गर्ने गरी मुकाम तोक्न सक्नेछ ।

४. मुद्दा थपघट गर्न सक्ने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ३ बमोजिम गठित विशेष अदालतलाई सुम्पिएका मुद्दाहरुमा थपघट गर्न सक्नेछ ।

५. सदस्यको सुविधा : विशेष अदालतको अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा निजले खाइपाइ आएको अतिरिक्त श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३
## विशेष अदालतको अधिकारक्षेत्र र त्यसको प्रयोग

६. विशेष अदालतको अधिकारक्षेत्र र प्रयोग : (१) खास किसिमका मुद्दाको शुरु कारबाही र किनारा विशेष अदालतबाट गरिनेछ ।

(२) विशेष अदालतको अधिकार क्षेत्रको प्रयोग तीनैजना सदस्यले सामूहिक रुपमा गर्नेछन् ।

तर एक सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र दुई सदस्य उपस्थित भएको इजलाशले मुद्दाको कारबाही र किनारा गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) तीनजना सदस्य उपस्थित भएको इजलाशमा तीनैजना सदस्यको एकमत वा दुईजना सदस्यको बहुमत कायम भए सो मत अदालतको निर्णय मानिनेछ।

(४) दुईजना सदस्य उपस्थित भएको इजलाशमा एकमत कायम नभए कारबाहीको हकमा अध्यक्ष सहितको इजलाश भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकको इजलाश भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाको फैसला वा अन्तिम आदेशको हकमा पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गरी निजले समर्थन गरेको राय अदालतको निर्णय मानिनेछ ।

(५) उपदफा (४) बमोजिम पहिला अनुपस्थित रहने सदस्य समक्ष पेश गर्दा पनि बहुमत कायम हुन नसकेमा निर्णयको लागि सर्वोच्च अदालत समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरेको मुद्दालाई सर्वोच्च अदालतले अग्राधिकार प्रदान गरी सुनुवाइ गर्नेछ ।

(७) उपदफा (५) बमोजिम पेश हुन आएको मुद्दाको सुनुवाई सर्वोच्च अदालतको एक न्यायाधीशको इजलाशबाट गरिनेछ र सो इजलाशबाट भएको निर्णय नै विशेष अदालतको निर्णय मानिनेछ ।

## परिच्छेद-४

## विशेष अदालतको अधिकार र कार्यविधि

७. विशेष अदालतको अधिकार : विशेष अदालतको अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वादी प्रतिवादीका साक्षीका अतिरिक्त मुद्दासंग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।